मिति : २०८२/०५/१८

# स्नातक तहको प्रवेश परीक्षाको Online आवेदन फाराम भर्ने सम्बन्धी सुचना

शैक्षिक सत्र २०८२/०८३ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतका संकायहरु र आंगिक कलेजहरु तथा सम्बन्धन प्राप्त निजी कलेजहरुमा स्नातक तह **B. Sc. Ag., B. V. Sc. & A. H., B. Sc. Fisheries** र **B.Sc. Forestry** कार्यक्रममा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट भर्नाका लागि एकिकृत अनलाईन आवेदन माग गरिएको छ। आवेदकले Online Portal मा आवश्यक विवरणका साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) (विदेशी शैक्षिक संस्थाहरुको हकमा मात्र) विभिन्न कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र पेश गर्नुपर्नेछ। साथै हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scanning गरी संलग्न गर्नु पर्नेछ।

## १) आवश्यक न्युनतम शैक्षिक योग्यता:

मान्यता प्राप्त शिक्षण संस्थाबाट **SEE/SLC** वा सो सरहको परीक्षा उत्तीर्ण भई **I. Sc./10+2** विज्ञान/**A-Level**/पशु विज्ञान/कृषि विज्ञान/वन विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा वा सो सरहको तहमा कुल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा **C+ Grade (2.4 CGPA)** प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ। **Theory/Practical** दुवै भएको विषयहरुको हकमा एकमुष्ट कम्तीमा **C Grade** हुनुपर्नेछ। कार्यक्रमगत योग्यताको विस्तृत विवरण यस प्रकार तोकिएको छ।

**B. Sc. Ag.:** SEE वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा ‘C’ Grade मा उत्तीर्ण भई I. Sc./10+2 विज्ञान/A-Level/कृषि विज्ञान/पशु विज्ञान/वन विज्ञान विषयमा प्राविधिक तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, वायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा 'C' Grade का साथै कुल प्राप्ताङ्कमा 'C+' Grade (2.4 CGPA) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ।

**B. V. Sc. & A. H. र B. Sc. Fisheries:** SEE वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा C+ Grade मा उत्तीर्ण भई I. Sc./10+2 विज्ञान/A-Level/पशु विज्ञान/कृषि विज्ञान/वन विज्ञान विषयमा प्राविधिक तह/स्वास्थ्य विज्ञान सम्बन्धी प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याव टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, वायोलोजी एवं कम्तीमा ५० पूर्णाङ्कको फिजिक्स विषयहरु अध्ययन गरी कूल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा C Grade का साथै कूल प्राप्ताङ्क C+ Grade (2.4 CGPA) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ।

**B. Sc. Forestry:** SEE वा सो सरहको परीक्षा उर्तीण भई I. Sc./10+2 विज्ञान/A-Level/वन विज्ञान/कृषि विज्ञान/पशु विज्ञान प्राविधिक प्रमाणपत्र तह वा सो सरहको अध्ययन गरि कूल

प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा प्रत्येक विषयमा कम्तिमा 'C' Grade का साथ कुल प्राप्ताङ्कमा 'C+' Grade (2.4 CGPA) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ ।

योग्यता नपुगी आवेदन फारम भरेमा सो आवेदन फारम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन । ग्रेडवृद्धिको परीक्षा दिन बाँकी र नतिजा प्रकाशन हुन बाँकी विद्यार्थीहरुका हकमा प्रवेश परीक्षा र भर्ना प्रकृयामा सामेल गराईनेछ तर नतिजा प्रकाशन पश्चात् न्यूनतम योग्यता नपुगेमा निज विद्यार्थीको भर्ना स्वतः रद्द हुनेछ ।

**२) प्रवेश परीक्षा शुल्कः** चारवटै शैक्षिक कार्यक्रमका लागि एकमुष्ट प्रवेश परीक्षा शुल्क रु.३,०००।- मात्र तोकिएको छ । सो शुल्क **Online** आवेदन फाराम भर्दा **e-payment** बाट नै भुक्तानी गर्नुपर्नेछ ।

**३) आवेदन फाराम भर्ने अवधिः** मिति **२०८२ भाद्र १८** गते बुधबार देखि **२०८२ असोज १९ गते राती १२:०० बजे**सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२ असोज २१ गते राती १२:०० बजे सम्म यस विश्वविद्यालयको वेवसाइट https://admission.afu.edu.np बाट Online आवेदन फाराम भर्न सकिनेछ। Online आवेदन प्रक्रियामा कुनै कठिनाई भएमा entrance@afu.edu.np मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्णरुपले नभरिएको Online आवेदन उपर कुनै कारवाही गरिने छैन ।

४) Online Application Portal बाहेक अन्य माध्यमबाट प्राप्त आवेदन तथा अन्य कागजपत्रहरु उपर कुनै कारवाही गरिने छैन । साथै कारणवश कागजपत्र नपुगेमा प्रवेश परीक्षा शुल्क फिर्ता हुने छैन ।

**५) प्रवेश पत्र उपलब्ध हुने मितिः २०८२ असोज २४ गते बिहान ९:००** बजेबाट Online Application Portal को **Admit Card** Menu बाट Download गरी Print गर्नु पर्नेछ ।

**६) प्रवेश परीक्षा मिति र स्थानः** **२०८२ असोज २५ गते शनिबार बिहान ११:००** बजे ।
रामपुर, चितवन, हेटौंडा र काठमाण्डौं ।

**७) भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई १००% अङ्क भार दिइनेछ । प्राप्ताङ्कको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी सोही अनुसार नै भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । अङ्क बराबर भएमा क्रमशः I. Sc./10+2 कूल प्राप्ताङ्क (CGPA) र SEE/SLC को कूल प्राप्ताङ्क, I. Sc./10+2 को बायोलोजि, केमेष्ट्री, फिजिक्समा प्राप्त अङ्कलाई आधार लिईने छ ।

**८**) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न विषयहरुबाट कुल **१२० वटा** प्रश्नहरु समावेश गरी प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुबैकल्पिक बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा अवधि **एक घण्टा तीस मिनेट** हुनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% हुनेछ ।

| | | | |
|---|---|---|---|
| क) अग्रेजी (२२) | ख) केमेष्ट्री (२२) | ग) फिजिक्स (१२) | घ) बोटानी (२२) |
| ङ) जुलोजी (२२) | च) गणित (१२) | छ) सामान्य ज्ञान (८) | |

९) प्रदेश, पिछडिएको क्षेत्र, छात्रा, आदिवासी/जनजाती, मधेसी, दलित, अपाङ्ग, द्वन्द्ध पिडित, शहिद परिवार, स्टाफ, विश्वविद्यालय र कलेज विकास कोष (UDF/CDF), स्थानीय कोटा, संकाय विकास कोष (FDF) को विद्यार्थीहरुको लागि तपशिल बमोजिम संख्या निर्धारण गरिएको छ। सबै प्रदेशहरुको प्रादेशिक कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयवाट SEE उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी भएको व्यहोराको लागि महानगरपालिका /उपमहानगरपालिका/नगरपालिका वा गाँउपालिका कार्यालयको सिफारिश पत्र पेश गर्नुपर्नेछ । प्रादेशिक कोटा अर्न्तगत पढ्नको लागि स्थायी ठेगाना र सामुदायिक विद्यालयमा अध्ययन गरेको एकै प्रदेश अर्न्तगतको हुनु पर्नेछ। पिछडिएको क्षेत्रको कोटा अन्तर्गत भर्नाका लागि स्थायी ठेगाना र सामुदायिक विद्यालय सम्बन्धित क्षेत्र अन्तर्गत नै हुनु पर्नेछ। प्रादेशिक र पिछडिएको क्षेत्र कोटामा भर्ना हुन सामुदायिक विद्यालयकका आवेदक नभएमा/अपुग भएमा निजी विद्यालयलाई समावेश गरिनेछ। छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले कोटाका लागि नियमानुसार तपशिल वमोजिमका सम्बन्धित निकायको प्रमाण सहित तोकिएको ढाँचामा नियमानुसारको प्रमाणपत्र वा सिफारिश पत्र Online बाट नै आवेदन दिनुपर्नेछ तर अपाङ्ग कोटाको लागि वर्ग र योग्यताक्रमको समेत आधारमा भर्नाको लागि छनौट गरिनेछ।

**तपशिल:**

| क.सं. | कोटा विवरण | कृषि संकाय (B.Sc. Ag.) | | | पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर | | वन विज्ञान संकाय (B.Sc. Forestry) | |
|---|---|---|---|---|---|---|---|---|
| | | कृषि संकाय, रामपुर | * आंगिक कलेज | **आंगिक कलेज | B. V. Sc. & A. H. | B. Sc. Fisheries | हेटौंडा, मकवानपुर | आंगिक कलेज (कटारी) |
| १ | मेरिट | ७४ | २० | २० | २० | ७ | ४१ | २१ |
| २.१ | प्रदेश | - | १० | ५ | ७ | - | - | - |
| २.२ | पिछडिएको क्षेत्र | - | - | - | - | - | २ | १ |
| ३ | छात्रा | ९ | २ | २ | २ | १ | २ | २ |
| ४ | आदिवासी/जनजाती | ६ | १ | १ | १ | १ | २ | १ |
| ५ | मधेशी | ६ | १ | १ | १ | १ | २ | १ |
| ६ | दलित | ६ | १ | १ | १ | १ | २ | १ |
| ७ | अपाङ्ग | ३ | १ | १ | १ | १ | १ | १ |
| ८ | द्वन्द पिडित | ३ | १ | १ | १ | १ | १ | १ |
| ९ | शहिद परिवार | २ | १ | १ | | | १ | १ |
| १०.१ | स्टाफ कोटा (सहुलियत शूल्क) | ४ | १ | १ | १ | १ | २ | १ |
| १०.२ | स्टाफ कोटा (पूर्ण शूल्क) | २ | १ | १ | १ | - | २ | १ |
| ११.१ | पूर्ण शुल्क (UDF/CDF) | ४५ | १२ | १२ | ११ | ५ | २२ | १८ |
| ११.२ | स्थानिय कोटा (पूर्ण शुल्क) | २ | २ | २ | २ | २ | २ | २ |
| ११.३ | नेपाल सरकार (पूर्ण शुल्क) | - | - | - | १# | - | ३ | २ |
| १२ | §FDF | ८० | - | - | ५० | - | - | - |
| | **जम्मा** | **२४२** | **५४** | **४९** | **१००** | **२१** | **८५** | **५४** |

नोट:

* प्राकृतिक स्रोत व्यवस्थापन कलेजहरु पुरनचौर-कास्की, कपिलाकोट-सिन्धुली, पाखीवास-धनकुटा, टिकापुर-कैलाली, बर्दिवास-महोत्तरी र दुल्लु-दैलेख ।

** प्राकृतिक स्रोत व्यवस्थापन कलेजहरु खजुरा-बाँके र माडीचौर-रोल्पा ।

# नेपाल सरकार, पशु सेवा विभागसंग भएको Memorandum of Understanding (MOU) अनुसार आवेदकहरु मध्ये प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा भर्ना लिईने छ र उक्त कोटा लगायत अन्य कुनै कोटा खालि भए नियमित UDF कोटामा नै समावेश गरिनेछ ।

§ नियमित विद्यार्थीहरुको भर्ना सम्पन्न भईसकेपछि FDF कोटा अन्तर्गत योग्यताक्रमको आधारमा भर्ना लिईनेछ । कुनै पनि कोटा अन्तर्गत भर्ना भएका विद्यार्थीहरुले भर्ना रद्द गरेमा UDF/CDF कोटा सरह रुपान्तरण गरि योग्यता क्रमको आधारमा भर्ना गरिनेछ ।

**(क) दलित कोटाः** राष्ट्रिय दलित आयोग/स्थानीय तह ।

**(ख) आदिवासी/जनजाती कोटाः** आदिवासी जनजाती राष्ट्रिय महासंघ/सम्बन्धित जिल्ला/ ईलाका प्रशासन कार्यालय/ स्थानीय तह ।

**ग) मधेशी कोटाः** सम्बन्धित जिल्ला/ईलाका प्रशासन कार्यालय/स्थानीय तह ।

**(घ) अपाङ्ग कोटाः** वालवालिका, महिला तथा समाज कल्याण मन्त्रालय/स्थानीय तह ।

**(ङ) द्वन्द्व पिडित परिवार कोटाः** आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

**(च) शहिद परिवार कोटाः** आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय।

**(छ) स्टाफ कोटाः** सम्वन्धित स्थायी शिक्षक तथा कर्मचारी र आवेदकको नाता खुलेका (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कार्यरत निकाय प्रमुखको सिफारिस ।

**(ज) स्थानीय कोटाः** संकायहरु र कलेजहरु अवस्थित स्थानको स्थानीय निकाय (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाँउपालिका) को सिफारिश पत्र । यदि सम्बन्धित स्थानीय तहको आवेदक नभएको खण्डमा उक्त संकाय/कलेज अवस्थित जिल्लाको स्थायी बासिन्दालाई यस कोटा अन्तर्गत भर्ना लिईनेछ ।

सम्पूर्ण कोटाहरुको भर्ना प्रवेश परीक्षाको योग्यताक्रम (Merit) को आधारमा हुनेछ र सम्वन्धन प्राप्त निजी कलेजहरुको हकमा विद्यार्थी संख्या पछि निर्धारण गरिनेछ ।

**१०)** कृषि संकायको हकमा यस विश्वविद्यालयसँग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् वा अन्य संघ संस्थाबाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु र कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट सिफारिस भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । वन विज्ञान संकायको हकमा नेपाल सरकारबाट मनोनयन भई आउने व्यक्तिहरुको भर्ना MOU बमोजिम हुनेछ ।

११) आवेदन फाराम भर्दा निम्नलिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी Online Application संगै Upload गर्नुपर्नेछ ।

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो र आवेदकको हस्ताक्षर
(ख) नेपाली नागरिकताको प्रमाणपत्र
(ग) SEE वा सो सरहको परीक्षाको ग्रेडसिट
(घ) प्रमाणपत्र तह/10 + 2 को ट्रान्सक्रिप्ट/ग्रेडसिट
(ङ) समानस्तर निर्धारणको प्रमाणपत्र (विदेशी शैक्षिक संस्थाहरुका हकमा)
(च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र

१२) भर्ना हुदाँ सम्पूर्ण प्रमाणपत्रहरुका (नेपाली नागरिकताको प्रमाणपत्र, SEE परीक्षाको ग्रेडसिट तथा चारित्रिक प्रमाणपत्र, प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट/ग्रेडसिट तथा चारित्रिक प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र र कोटाहरुमा नाम प्रकाशित भएमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र) सक्कलै प्रतिहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ । साथै उक्त प्रमाणपत्रहरु (नेपाली नागरिकताको प्रमाणपत्र बाहेक) संकाय र अन्तर्गतका कलेजहरुमा पहिलो सेमेष्टरसम्म राखिनेछ । उक्त अवधि भित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरी सो प्रमाणपत्रहरु लिन पाउने छैनन् ।

**१३) भर्ना हुँदा लाग्ने शुल्क:**

| **कोटा** | **कृषि संकाय (B.Sc. Ag.)** | **पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय** | **वन विज्ञान संकाय (B.Sc. Forestry)** |
|---|---|---|---|
| मेरिट | रु. ९,५५० (प्रथम सेमेष्टर) | रु. १६,१०० (प्रथम सेमेष्टर) र B. V. Sc. & A. H. को लागी थप रु. २,००० (एक पटकको लागी मात्र) | रु.७,५०० (प्रथम सेमेष्टर) |
| UDF / CDF | रु. ९,५५० + रु. ३,१०,००० (रु. १,६४,५५० प्रथम सेमेष्टरमा र UDF/CDF को रु. १,५५,००० तेश्रो सेमेष्टरमा) | <u>B. V. Sc. & A. H.:</u> रु. १६,१०० + रु. २,००० + रु. ६,६०,००० (रु. ३,४८,१०० प्रथम सेमेष्टरमा र UDF/CDF को रु. ३,३०,००० तेश्रो सेमेष्टरमा)<br><u>B. Sc. Fisheries:</u> रु. १६,१०० + रु. ३,४०,००० (रु. १,८६,१०० प्रथम सेमेष्टरमा र UDF/CDF को रु. १,७०,००० तेश्रो सेमेष्टरमा) | रु. ७,५०० + रु. २,५०,००० (रु. १,०७,५०० प्रथम सेमेष्टरमा र UDF/CDF को रु. १,००,००० तेश्रो सेमेष्टरमा र रु. ५०,००० पाँचौ सेमेष्टरमा) |
| FDF | रु. ९,५५० + रु. ५,००,००० (रु. २,५९,५५० प्रथम सेमेष्टरमा र FDF को रु. १,५०,००० तेश्रो सेमेष्टरमा र रु. १,००,००० पाँचौ सेमेष्टरमा) | <u>B. V. Sc. & A. H.:</u> रु. १६,१०० + रु. १२,००,००० (रु. ६,१६,१०० प्रथम सेमेष्टरमा र FDF को रु. ३,६०,००० तेश्रो सेमेष्टरमा र रु. २,४०,००० पाँचौ सेमेष्टरमा) | |

१४) विद्यार्थी भर्नाको लागि अपनाईने परामर्श (Counselling) कार्यविधि- २०८२ पद्धति अपनाई गरिनेछ। प्रवेश परीक्षाको नतिजा प्रकाशित भएपछि Counselling को कार्य तालिका अनुसार योग्यता क्रमसूची (मेरिट)को आधारमा मिति **२०८२ असोज २७** गते देखि भर्ना गरिनेछ।

१५) कृषि संकाय अन्तर्गतका आंगिक कलेजहरुमा कुल सिट संख्याको ५०% भन्दा कम विद्यार्थी भर्ना भएमा ती विद्यार्थीहरुलाई संकायले निर्धारण गरेको मेरिटको आधारमा अन्य आंगिक कलेजहरुमा स्थानान्तरण गरि अध्यापन गराईनेछ।

१६) सम्बन्धन प्राप्त कजेलहरुले संकाय र आंगिक कलेजहरुमा भर्ना सकिए पश्चात् सम्बन्धित संकायद्धारा उपलब्ध गराईएको मेरिट लिस्टमा परेका विद्यार्थीहरुबाट Letter of Intent (LOI) लिई मेरिटको आधारमा भर्ना गर्नुपर्नेछ।

१७) भर्ना सम्वन्धि सम्पूर्ण अधिकार यस समितिमा निहित रहनेछ।

१८) छात्रावास क्षमता सिमित भएको कारणले भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको व्यवस्था गर्न विश्वविद्यालय प्रशासन बाध्य हुने छैन।

१९) थप जानकारीहरु यस विश्वविद्यालयको सूचना पाटी वा www.afu.edu.np मा प्राप्त गर्न सकिनेछ।

..........................

**अध्यक्ष**

**एकिकृत प्रवेश परीक्षा व्यवस्थापन समिति**